गाउँपालिका अध्यक्ष श्री नन्द प्रसाद चौलागाई ज्यु द्वारा गाउँसभाको १५ औं अधिवेशनमा प्रस्तुत गर्नु भएको

तातोपानी गाउँपालिकाको आ.व २०८१/८२ को

# नीति तथा कार्यक्रम

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला

१० असाढ २०८१

## तातोपानी गाँउपालिकाको आ व २०८१।०८२ को

# नीति तथा कार्यक्रम

तातोपानी गाउँपालिकाको विकास निर्माण प्रक्रियामा आफ्नो अमुल्य सहभागीता जनाई नयाँ नेपाल निर्माण तथा संविधानको पूर्ण कार्यान्वयन गर्ने महान अभियानको क्रममा हुन गइरहेको यस गाउँपालिकाको पन्ध्रौ गरिमामय गाउँसभाको उद्घाटन समारोहमा उपस्थित हुनुहुने आदरणीय प्रमुख अतिथी ज्यू , विशेष अतिथी ज्यू, अतिथी ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, विषयगत शाखाका शाखा प्रमुख ज्यूहरु, सम्पुर्ण कर्मचारी मित्रहरु, पत्रकार बन्धुहरु तथा सुरक्षाकर्मीहरुमा मेरो तर्फबाट हार्दिक नमन एवम स्वागत गर्न चाहन्छु।

यस पावन अवसरमा राष्ट्र र जनताको लागी आफ्नो जिवन समर्पण गरी गणतन्त्र स्थापना गर्न जिवन वलिदान गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रती हार्दिक श्रद्धान्जली अर्पण गर्दै शहीदहरुका सपना र अग्रजहरुका मार्गदर्शन वमोजिम **नयाँ नेपाल तथा समृद्ध तातोपानी गाउँपालिका** निर्माण लाई सार्थक तुल्याउन हामी सबैलाई प्रेरणा मिल्ने आशा लिएको छु।

स्थानिय तह गठन पश्चातको पन्ध्रौ गरिमामय गाउँसभालाई सम्बोधन गर्न पाउँदा निकै हर्षित एवंम गौरावान्वित भएको छु। त्यागमूर्ति पैरेलाको जन्मभूमि, बलिराजको राजधानी,प्रसिद्ध तातोपानी धारा , गिडिदह, पानसय खाल्टन, लाछु जिउलो, सप्ताहई, बाबिरामठ ,भुरिचुल्ला मालिका, नदैडाब, लाम्रा दियार, बुदबुदी, गुरुफोक्टो ,कालिका, मालिका भगवति जस्ता प्रसिद्ध एवम ऐतिहासिक, पुरातात्विक र साँस्कृतिक महत्व बोकेका सम्पदाहरु मात्र होइन यो गाउँपालिका प्राकृतिक तथा भौगोलिक रुपमा पनि विविधता भएको गाउँपालिका हो। यी सम्पूर्ण सम्पदाहरु हाम्रा अमुल्य निधि हुन्। यीनै मौलिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन तथा जिर्णोद्धार गर्नु हामी निर्वाचित जनप्रतिनिधिहरुको परम कर्तव्य हो।

**आदरणीय सभाका सदस्य ज्यूहरु,**

विषम परिस्थिति विच आगामी आर्थिक बर्ष २०८१।०८२ को बजेट निति तथा कार्यक्रम तर्जुमा गरिएको छ। **हाम्रो तातोपानी समृद्ध तातोपानी** भन्ने आदर्श वाक्य लिइ समग्र तातोपानीको विकास निर्माणका कार्यहरुलाई प्रभावकारी बनाउन र सम्पूर्ण जनताको पहुँच पुर्याउन हाम्रो विकासको नीति समतामूलक हुनेछ। विकास पहुँचका आधारमा नभई आवश्यकताको आधारमा अगाडी बढाइने छ। थोपा थोपा गरी समुन्द्र बने झै सबै स्थानिय तह खुसी र समृद्ध नभई प्रदेश र संघ खुसी र समृद्ध नहुने भएकाले सुखी नेपाली सम्बृद्ध नेपालको नारामा नै केन्द्रित भएर यस तातोपानी गाँउपालिकाले आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम तयार पारिएको छ। अब म विभिन्न क्षेत्रबाट प्राप्त भएका सुझाव, सल्लाह ,अवसर र समस्याहरुलाई सम्पतिको रुपमा ग्रहण गर्दै आगामी आर्थिक बर्षको बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु।

**नीति तथा कार्यक्रम तयार पार्दा यस गाँउपालिकाले निम्न बिषय र पक्षहरुलाई आधारहरुको रुपमा लिएको ब्यहोरा प्रस्तुत गर्दछु**

- नेपालको संविधान २०७२ को प्रस्तावना ,मौलिक हक ,राज्यका नीतिहरु ,स्थानिय आर्थिक कार्य प्रणालि एवं साझा अधिकार सुचि।
- संघिय सरकार तथा प्रदेश सरकारले अंगिकार गरेका ,आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु।
- संघिय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु।
- स्थानिय तहको आवधिक योजना तथा मध्यकालिन खर्च संरचनाले तय गरेका प्राथमिकताहरु।
- नेपालले अन्तराष्ट्रिय जगतमा जाहेर गरेका प्रतिबद्धताहरु।
- स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा विभिन्न नियमावलीका प्रावधानहरु।
- स्थानिय तहका क्षेत्रगत नीति ,रणनितीहरु,योजना तथा अध्ययन प्रतिवेदनहरु।

- विकासका समसामयिक मुद्धाहरु, सामाजिक संरक्षण ,दिगो विकास ,जलवायु परिवर्तन ,विपद व्यवस्थापन ,खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास , बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, पूर्ण सरसफाई, पूर्ण खोपयुक्त तथा उर्जा संकट लगायतका अन्तर सम्बन्धित बिषयहरु।
- तातोपानी गाँउपालिकाले आवश्यक देखेका विभिन्न बिषयहरु
- तातोपानी गाँउपालिकाका बिभिन्न गाँउ बस्तीहरुबाट माग भइ आएका बिषयहरु

**माथी उल्लेखित आधारहरुमा यस आर्थिक वर्षका योजना तथा बजेट कार्यक्रम छनौट गर्न निम्न प्राथमिकताका क्षेत्रहरु तोकिएका छन।**

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने।
- उत्पादनमूलक र छिटो प्रतिफल दिने।
- राजश्व परिचालनमा योगदान पुर्याउने।
- सेवाप्रवाह ,संस्थागत क्षमता अभिवृद्धी र सुशासनमा योगदान पुऱ्याउने।
- स्थानिय स्रोत साधनमा आधारित भइ जनसहभागिताको अभिबृद्धि गर्ने।
- लैंगिक समानता ,सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने ।
- दिगो विकास ,वातावरण संरक्षण र विपद ब्यवस्थापनमा योगदान पुऱ्याउने।
- महिला हिंसा तथा जातिय बिभेद अन्त्य गर्ने।
- बालबिबाह तथा बालश्रम अन्त्य गर्ने।
- सबै किसिमका कुरिती कुसंस्कारहरुको अन्त्य गर्ने।
- सबै किशीमका रिती रिवाज चाल चलन हरुको जगेर्ना तथा संरक्षणमा योयदान पुऱ्याउने।

**उपस्थित सभाका सदस्यज्यूहरु,**

**अब म यस तातोपानी गाँउपालिकाले तय गरेका क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न चाहन्छु।**

**१ स्थानिय कर र खर्च व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमहरु**

- भइ रहेका करका दरहरुलाइ वैज्ञानिक र व्यवहारिक बनाउन तथा करको दायरा फराकिलो पार्ने नीति अवलम्बन गरी आन्तरिक श्रोत बृद्धि गरिनेछ।
- प्रचलित कानून बमोजिम उठाउन पाउने सम्पती कर ,घरबहाल कर ,बहाल बिटौलि कर ,व्यवसाय कर लगायत सम्पुर्ण कर, शुल्क र दस्तुर सबै क्षेत्र समेटी घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ।
- पर्यटन ,जलविधुत ,खानेपानी वन पैदावर लगायतका विविध बिषयमा प्राप्त नभएको रोयल्टी प्राप्त गर्न आवश्यक पहल गरिनेछ।
- करको दायरामा आउने र नआउने ,समयमा कर तिर्ने र नतिर्ने बीच फरक अनुभुति दिन कर छुट दण्ड तथा पुरस्कार जस्ता कार्यक्रम ल्याईने छ।
- करका माध्यमबाट मदिराजन्य तथा सुर्तीजन्य बस्तुहरुको प्रयोगलाई निरुत्साहित गर्ने नीति लिइनेछ।
- बढी कर तिर्ने करदातालाई सम्मान गर्ने परिपाटीको विकास गरिनेछ।

- गाँउपालिकालाई तिर्नु ,बुझाउनु पर्ने सम्पुर्ण कर शुल्क बुझाई सके पछि मात्र सेवाग्राहीलाई सेवा प्रदान गर्ने नीती लाई अवलम्बन गरिने छ ।
- स्पष्ट नतिजा प्राप्तीको सुनिश्चतता नभएका र प्रयाप्त तयारी नभएका आयोजना र कार्यक्रममा बजेट विनियोजन गरिने छैन ।
- वित्तिय अनुशासन कायम गरि वित्तिय जोखिम घटाईने छ ।
- स्थानिय संचितकोषको दोहन गर्ने प्रवृतिमा अंकुश लगाईने छ ।
- योजना र आयोजनामा बजेट विनियोजनलाई यथार्थ परक बनाउन योजना छनौटकै चरणमा प्राविधिक लागत अनुमान तयार गर्ने कामको थालनी गरिनेछ ।
- स्थानिय सरकार सञ्चालन ऐन २०७४ मा भएको ब्यवस्था र नेपालको संविधान २०७२ मा भएको ब्यवस्था बमोजिम गाँउपालिकाले राजश्व असुल गर्नलाई आवश्यक पर्ने ऐन ,नियमावली तथा कार्यविधी तत्काल बनाई लागु गरिनेछ ।
- प्रशासनिक तथा अनावश्यक खर्चहरुलाई घटाउदै लगिनेछ ।
- गाँउपालिकाले स्थानिय दररेट कायम गरी कार्यान्वयनमा ल्याईनेछ ।
- राजश्वको दायरामा ल्याउन नसकिएका तातोपानी धारा,ढुङ्गा, गिट्टी बालुवा लगायत अन्य प्रचुर सम्भावना भएका क्षेत्रहरुबाट राजश्व संकलन गर्न कडाईका साथ लागि सो क्षेत्रबाट संकलन भएको राजश्वको निश्चित प्रतिशत राजश्व सम्बन्धित वडाहरुमा प्रोत्साहन स्वरुप फिर्ता दिने नीति लिईनेछ ।
- कर छलि गर्ने ब्यक्तिहरुको सुराकी गरि सुराकी मार्फत कर असुली भएमा सुराकी गर्ने ब्यक्तिलाई असुलिको निश्चित प्रतिशत रकम प्रोत्साहन स्वरुप पुरुस्कारको रुपमा दिने नीति लिईनेछ ।

**२ कृषि तथा पशुपालन सम्बन्धी नीतिहरु**

- एक घर एक स्याउ बगैचा निर्माण गर्नलाई बगैचा निर्माण गर्न इच्छुक कृषकलाई स्याउका बिरुवामा अनुदान दिइने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- एक गाँउ एक रैथाने बाली पकेट क्षेत्र घोषणा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गाँउपालिकास्तरमा एउटा सुविधा सम्पन्न कोल्ड स्टोर निर्माणमा आवश्यक पहल गरिनेछ ।
- स्थानिय रैथाने बालीको बजारीकरण एंव प्रवर्द्धनका लागी स्थानिय हाटबजार स्थलहरु तोकि कार्यान्वयनमा ल्याईनेछ ।
- गाँउपालिका स्तरमा खाद्य भण्डार निर्माण गरी प्रयोगमा ल्याउनलाई पहल गरिनेछ ।
- व्यवसायिक रुपमा ओखर खेती गर्न चाहने कृषकलाई ओखरको बिरुवामा अनुदान दिईनेछ ।
- परम्परागत खेती प्रणालीका साटो आधुनिक खेती प्रणाली लागु गर्नलाई विभिन्न किसिमका आधुनिक औजार उपकरणमा अनुदान दिइनेछ ।
- बिगत आ. व. मा घोषणा भई लागु भएका कृषि तथा पशु पालन पकेट क्षेत्रको थप प्रवर्द्धन गरी चालु आ. व. मा थप पकेट क्षेत्र घोषणा गरी लागु गरिनेछ ।
- कृषि तथा पशुपालन क्षेत्रमा लगानी बृद्धी गरी रोजगारीका अवसरहरु सुनिश्चित गरिनेछ ।

अध्यक्ष

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला

- व्यवसायिक रुपमा कृषि तथा पशु पालन गर्न चाहने कृषकहरुलाई निर्ब्याजी रुपमा कर्जा उपलब्ध गराउने तथा पालिका जमानी बसी कर्जा उपलब्ध गराउने बिषयमा बिभिन्न वित्तिय सस्थाहरु सँग समन्वय तथा सहकार्य गरी कार्यान्वयनमा ल्याइनेछ ।
- एक गाँउ एक पशु पालन क्षेत्र पकेट घोषणा कार्यक्रम सम्पन्न भई सकेकाले सोही अनुसार कार्यान्वयनमा ल्याइनेछ ।
- सबै वडा तथा गाँउ बस्तीहरुमा तरकारी खेतीमा बढवा दिई बेमैसमी तरकारी खेतीमा जोड दिन तरकारी बिउ बिजन र प्लाष्टिक टनेल मा अनुदान दिइने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- बिभिन्न समूह तथा सहकारीको माध्यमबाट सामुहिक खेतीपाती गर्ने तथा पशु पालन गर्ने समूह तथा सहकारीहरु लाई अनुदानको कार्यक्रममा बिशेष प्राथमिकता दिईनेछ ।
- अर्गानिक खेती तथा पशु पालन गरी अर्गानिक उत्पादनमा गाँउपालिकाको अलग्गै पहिचान झल्काउनलाई अर्गानिक खेती तथा पशु पालन तर्फ बिशेष जोड दिइनेछ ।
- बाँझो जग्गा भाडामा लिएर खेती गर्ने किसानलाई अनुदानको व्यवस्था गरिनेछ ।
- पशुपन्छि तथा बालि बिमामा जोड दिईनेछ ।
- पशुपन्छि तथा कृषि बिमाको कार्यविधी बनाई कार्यान्वयनमा ल्याईनेछ ।
- कृषि तथा पशु पन्छि शाखाबाट विभिन्न व्यवसायका लागि अनुदान पाएका ब्यक्ति,फर्म,संघ सस्थाहरुमा अनुगमन गरि प्रभावकारी देखिए प्रोत्साहनको नीति लिईनेछ र अनुदान दुरुपयोग भएको पाईएमा कडाईका साथ अनुदान फिर्ता गर्ने र अनुदानमा रोक लगाईने नीति लिईनेछ ।
- गाउँपालिका भित्र अर्गानिक कोशेली घर स्थापना गरिनेछ ।
- कृषि तथा पशुपन्छिको समय समयमा घुम्ति शिविर सञ्चालन कार्यक्रमलाई दिईनेछ ।
- १०० भन्दा बढी भेडा बाख्रा पालन गर्ने पशु पालक कृषकलाई मासिक ५०० गोठालो भत्ता दिईनेछ ।
- माटो परिक्षण प्रयोगशाला निर्माणका लागी पहल गरिनेछ ।

### ३ शिक्षा तथा खेलकुद सम्बन्धि नीति

- **गुणस्तरिय शिक्षा र शैक्षिक पुर्वाधार तातोपानी गाँउपालिका निर्माणको आधार ।**
- यस गाँउपालिका क्षेत्रका बिधालयहरुमा शिक्षक तथा बिधार्थीहरुको नियमितता बढोत्तरी गर्नका लागी पालिका भित्रका सबै सामुदायिक बिधालयहरुमा बायोमेट्रिक हाजिरी जडान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गाँउपालिका भित्रका सबै माध्यामिक बिधालयहरुमा कम्प्यूटर ल्याव स्थापना गरी माध्यामिक तहका सबै बिधार्थीहरुलाई कम्प्यूटर शिक्षा अध्ययन गर्नलाई जोड दिईनेछ ।
- गाँउपालिका भित्रका सबै सामुदायिक बिधालयहरुमा ईन्टरनेट सेवा जडान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- आधारभूत तथा माध्यामिक बिधालयका शिक्षक तथा शिक्षिकाहरुलाई पुनर्ताजकी तालिमको व्यवस्था आवश्यक्ता अनुसार गर्दै लगिनेछ ।
- बालमैत्री स्थानिय शासन कार्यक्रम,बालमैत्री सिकाई व्यवस्थापन कार्यहरुलाई निरन्तरता दिईनेछ ।
- सामुदायिक सिकाई केन्द्रहरुको प्रभावकारी व्यवस्थापन गरिनेछ ।
- कार्य सम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्ट छनौट हुने शिक्षक, शिक्षिका र बिधालयहरुलाई प्रोत्साहनका लागी उचित ब्यवस्था गरिनेछ ।

अध्यक्ष

- गरिब ,जेहेन्दार ,दलित तथा अल्प संख्यक बाल बालिकाहरुलाइ एम बि बि एस अध्ययन गर्नलाई अध्ययन शुल्कमा प्रति बर्ष एक जना बिधार्थीलाई पचास प्रतिशत छात्रवृद्धी उपलब्ध गराईनेछ ।
- शिक्षा क्षेत्रमा योगदानको आधारमा शिक्षकहरुलाई पुरस्कार तथा सम्मान गरिनेछ ।
- शिक्षक बिधार्थीहरुलाई अनुशासन कायम गर्नको लागी बिधालय पोशाक र परिचयपत्र अनिवार्य गराईनेछ ।
- शैक्षिक क्षेत्रलाई राजनिती हस्तक्षेपमुक्त गराईनेछ ।
- बिधालयलाई शान्तीक्षेत्र बनाइनेछ ।
- बिधालय तहका बिधार्थीहरुले पढदै कमाउदै गर्ने कार्यक्रम माध्यामिक बिधालयहरुमा लागु गर्ने तर्फ पहल गरिने छ ।
- यस तातोपानी गाँउपालिका भित्र स्नातक तहको कुनै पनि बिषयमा अध्ययन अध्यापन नहुने भएकाले स्नातक तहको अध्यापन हुने क्याम्पस स्थापना गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।
- स्नातक तहको प्राविधिक शिक्षा अध्यापन गराउने प्राविधिक शिक्षालय स्थापना गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।
- अनाथ तथा टुहुरा बाल बालिकाहरुलाइ शिक्षाबाट बञ्चित नगर्न नि :शुल्क शिक्षाको व्यवस्था गर्न जोड दिईनेछ ।
- अपाङ्गता भएका बाल बालिका अध्ययन गर्नलाइ छुट्टै बिधालय स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
- प्रत्येक सामुदायिक बिधालयमा खेल मैदान सहितको फिल्ड बनाईनेछ ।
- प्रत्येक वर्ष अन्तर बिधालय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।
- राष्ट्रपति रनिङ्ग शिल्ड हुनु भन्दा अगाढी पालिकास्तरमा अध्यक्ष रनिङ्ग शिल्डको आयोजना गरि खेलाडी छनौट गरि पठाईनेछ ।
- यस तातोपानी गाँउपालिका भित्र खेल मैदान निर्माण गर्ने तर्फ आवश्यक पहल गरिने छ ।
- आगामी आ.ब. बाट प्रत्येक वडामा एउटा सुविधा सम्पन्न नमुना बालबिकास केन्द्र बनाउन जोड दिइनेछ ।
- गाँपालिकामा रहेको एकमात्र प्राविधिक शिक्षालयमा अध्ययन गर्ने एक जना गरिव जेहेन्दार विद्यार्थीलाई छात्रबृद्धीको व्यवस्था गरिनेछ ।
- आधारभूत बिधालयका बिधार्थीहरुको पठन सिप विकास गर्नलाई प्रत्येक वर्ष पालिका स्तरिय शैक्षिक कचहरी सञ्चालन गरिनेछ ।
- सामुदायिक विधालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न बिभिन्न किसिमका शैक्षिक बहस ,घुम्ति बैठक तथा अनुगमन मूल्याङ्कन जस्ता कार्यक्रमहरु निरन्तरता दिईनेछ ।
- विधालय उमेर पुगेका आफ्ना छोरा छोरीलाई विधालय नपठाउने अभिभावकलाई पालिकाबाट पाउने सेवा सुविधाबाट वञ्चित गराउने नीति कडाईका साथ लागु गरिनेछ ।
- गाउँपालिका स्तरिय पुस्तकालय स्थापना गरिनेछ ।
- प्रत्येक शुक्रबार विधार्थीहरुलाई बिभिन्न अतिरिक्त क्रियाकलाप लगायत अन्य सिपमूलक क्रियाकलापमा सहभागी गराईने व्यवस्था मिलाईनेछ ।
- महिला ,गरिव, जेहेनदार, दलित ,विपन्न विधार्थीका लागी लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ ।
- सामुदायिक विधालयका प्रधानाध्यापकलाई संघिय सरकारले उपलब्ध गराउदै आएको प्रअ भत्तामा स्थानिय तहले प्रोत्साहन स्वरुप थप भत्ता दिईने ब्यवस्या गरिनेछ ।

- ➢ स्थानीय कृषि उपजमा आधारित बिधालय दिवा खाजालाई थप ब्यवस्थित र प्रभावकारी बनाउन विधालय भान्सा कोठा निर्माण मर्मत खाध्यान्न भण्डारणको व्यवस्था लगायत अन्य आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ।

**४ पूर्वाधार सम्बन्धी नीतीहरु**

- ➢ यस गाँउपालिका भित्रका सम्पुर्ण गाँउ बस्तीहरुलाइ सडक सञ्जाल सँग जोडिनेछ।
- ➢ गाँउपालिका भित्र सञ्चालनमा रहेका सडक हरुको स्तरउन्नती गरिनेछ।
- ➢ गाँउपालिका भित्रका सम्पुर्ण सडकहरुको सडक गुरु योजना बनाई लागु गरिनेछ ।
- ➢ गाँउपालिकाको आफ्नै कार्यालय भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गरि सेवा सञ्चालनमा ल्याईनेछ।
- ➢ गाँउपालिका भित्र सञ्चालनमा रहेका सम्पुर्ण स्वास्थ्य चौकी ,आधारभूत स्वास्थ्य केन्द्र हरुको भवन निर्माण गरि सेवा सञ्चालनमा ल्याईनेछ।
- ➢ गाँउपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक बिधालयहरु को भवन नभई पठन पाठन गर्न समस्या भएका बिधालयहरुको भवन निर्माण कार्यमा आवश्यक सहयोग गरिनेछ।
- ➢ गाँउपालिका भित्र निर्माण हुने सम्पुर्ण सरकारी भवन ,बिधालयका भवन तथा सामुदायिक स्वास्थ्यका भवनहरुको भवन निर्माण मापदण्ड बनाई सोही अनुसारका भवन निर्माण गरिनेछ।
- ➢ गाँउपालिका भित्र सञ्चालनमा रहेका सडकहरुमा पुल आवश्यक पर्ने स्थानहरुमा पुलहरुको निर्माण कार्यमा आवश्यक पहल गरिनेछ ।
- ➢ गाँउपालिकामा झोलुङ्गे पुल आवश्यक पर्ने स्थानहरुमा झोलुङ्गे पुल निर्माणमा आवश्यक पहल गरिनेछ।
- ➢ गाँउपालिकाका बिभिन्न गाँउ बस्तीहरुमा बिगत बर्षहरु देखि सञ्चालन भई हाल बिबिध कारणले अवरुद्ध हुन पुगेका सिचाई कुलाहरुको स्तरोन्नती गरी सिंचाई सुविधा पुर्‍याइनेछ।
- ➢ गाँउपालिका भित्रका सिचाई सुविधा नपुगेका क्षेत्रहरुको पहिचान गरि सिचाई सुविधा पुर्‍याउनलाई आवश्यक पहल गरिनेछ।
- ➢ गाँउपालिकाको प्रशासनिक भवन यसै आ. व.बाट निर्माण कार्य सुरु गरिनेछ।
- ➢ योजनाहरु निर्माण गर्दा बायो ईन्जिनियरिङ्ग लाई पनि मध्यनजर गरि निर्माण गरिनेछ।
- ➢ ठुला तथा दिर्घकालिन महत्वका योजनाहरुको अनिवार्य रुपमा पुर्वाधार मर्मत सम्भार रकम कट्टा गरि कोषमा जम्मा गर्ने कार्यलाई कडाईका साथ लागु गरिनेछ।
- ➢ राँका तरापी देखि सर्मि जोडने सडककार्यलाई बजेट बिनियोजन गरि निरन्तरता दिईनेछ।
- ➢ गाउँपालिका भित्रका झोलुङ्गे पुलहरुको तथ्याङ्क सङ्कलन गरि सबै पुलहरुमा हेरालुको व्यवस्था गरि हेरालु भत्ताको रकम समेत ब्यवस्था गरिनेछ।
- ➢ गाउँपालिकास्तरमा शहिद स्मृति भवन निर्माणका लागी पहल गरिनेछ।
- ➢ बिगतमा विभिन्न गैर सरकारी संघ सस्थाबाट निर्माण भएका शहकारी भवन तथा आयोजनाहरुको तथ्याङ्क संकलन गरि गाउँपालिका मातहतमा ल्याईनेछ।
- ➢ झोलुङ्गे पुल मर्मतका लागी आवश्यक वजेट विनियोजन गरिनेछ।

अध्यक्ष

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

## ५ स्वास्थ्य सम्बन्धी नितीहरु

- घर घरमा पुगेर जेष्ठ नागरीकहरुलाई नि:शुल्क स्वास्थ्य उपचार गर्ने नीती यसै आर्थिक वर्षबाट शुरु गरिनेछ।
- नेपाल सरकारको नागरिक स्वास्थ्य बिमा कार्यक्रमलाई व्यवस्थित बनाउदै **म स्वस्थ मेरो गाँउपालिका स्वस्थ** जस्ता कार्यक्रमहरुलाई अगाडी ल्याई बिपन्न नागरिक निशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई यस आर्थिक वर्षमा निरन्तरता दिईनेछ।
- अत्यावश्यक औषधी तथा उपचारको सहज व्यवस्थापन गर्नुका साथै बाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु र स्वास्थ्य कर्मीहरुलाई परिचालन गर्न स्वयंसेविकाप्रोत्साहन गर्न थप सेवा सुविधाको व्यवस्था गरिनेछ।
- घरघरमा प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउने नीती प्राथमिकताका साथ लागु गरिनेछ। सोका लागि स्वास्थ्यकर्मीहरुलाई मौद्रीक तथा गैह मौद्रीक प्रोत्साहनको व्यवस्था गरिनेछ।
- यस गाँउपालिकाको वडा नं ६ हियाखोलामा निर्माण हुने ५ शैया अस्पतालको निर्माण कार्य छिटो भन्दा छिटो सम्पन्न गर्न लगाई सञ्चालनमा ल्याईनेछ।
- ५ शैया अस्पतालको स्थायी दरबन्दी तत्काल स्विकृतीका लागी सम्बन्धित निकायमा पहल गरी अस्पताल सञ्चालन गरिनेछ।
- सञ्चालनमा रहेका गाँउघर क्लिनिकको प्रभावकारी तथा सुदृढ व्यवस्थापनमा जोड दिइनेछ।
- आधारभूत स्वास्थ्य केन्द्र नभएका गाँउबस्तीहरुमा सामुदायिक स्वास्थ्य ईकाई स्थापनाका लागि पहल गरिनेछ।
- यस गाँउपालिका भित्रका ७० बर्ष भन्दा माथिका जेष्ठ नागरिक,पूर्ण अपाङ्गता भएका नागरिक तथा सुत्केरी महिलाहरुले गाँउपालिकाको एम्बुलेन्स प्रयोग गरेका बखत एम्बुलेन्सको एक तर्फि भाडा निशुल्क व्यवस्था कार्यलाई निरन्तरता दिनेछ।
- गाँउपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा थप एम्बुलेन्स ल्याउनलाई आवश्यक पहल गरिनेछ।
- गाँउपालिका भित्रका सबै वडा तथा गाँउबस्तीहरुमा नि :शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- महामारी तथा अन्य प्रकोप जन्य रोगहरुबाट नागरिकहरुलाई स्वास्थ्य सेवा दिनका लागी प्रकोप व्यवस्थापन कोषको व्यवस्था गरिनेछ।
- स्वास्थ्य चौकीहरुमा सञ्चालनमा रहेका वर्थिङ्ग सेन्टरहरु लाई व्यवस्थापन गरि गुणस्तरिय सेवा प्रदान गर्नका लागी कर्मचारीहरुलाई एस बि ए तालिमको व्यवस्था गरिनेछ।
- वर्थिङ्ग सेन्टर सञ्चालनमा नरहेका स्वास्थ्य सस्थाहरुमा यसै आर्थिक वर्ष देखि वर्थिङ्ग सेन्टर सञ्चालन गरिनेछ।
- परिवार नियोजन सेवालाई थप प्रभावकारी तथा प्रयोगको दरमा बृद्धी गरिनेछ।
- यस गाँउपालिका भित्रका महिलाहरुमा आङ खस्ने तथा पाठ्ेघर सम्बन्धी समस्या धेरै भएकाले प्रत्येक स्वास्थ्य संस्थामा नि :शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिने कार्यलाई निरन्तरता दिईनेछ।
- बालबालिकाहरुलाई कुपोषण हुन बाट बचाउनलाई बहु क्षेत्रिय पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ।
- स्वास्थ्य कर्मीहरुको क्षमता अभिबृद्धी गर्नलाई बिभिन्न किसिमका तालिमहरुको व्यवस्था गरिनेछ।
- यौन जन्य तथा बिभिन्न सरुवा रोगहरुबाट बच्न सकिने जनचेतना मूलक पोष्टर ,पम्पलेट,होर्डिङ बोर्ड तथा जनचेतना सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रत्येक माध्यामिकस्तरका सामुदायिक बिधालयहरुमा नर्सिङ सेवा सञ्चालनका लागी आवश्यक पहल गरिनेछ।

- आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई विस्तार गरिनेछ।
- प्रत्येक बिधालयमा आयुर्वेद तथा योग शिक्षा प्रदान गरिनेछ।
- स्वास्थ्य चौकीहरुमा संचालित प्रयोगशाला तथा एक्सरे सेवा निशुल्क रुपमा प्रदान गरिने कार्यलाई निरन्तरता दिईनेछ।
- कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा समन्वय गरी ताम्ति स्वास्थ्य चौकीमा बिशेषज्ञ सेवा प्रदानका लागी पहल गरिने छ।
- ANC/PNC जाँचलाई बृद्धि गरिनेछ।
- स्वास्थ्य संस्थामा संचालन भइरहेको आकस्मीक कोषलाई गाउँपालिकाबाट थप गरी प्रभावकारी बनाइनेछ।
- खोप लगाउन छुटेका बालबालिकाहरुको पहिचान गरी पूर्ण खोप शत प्रतिशत पुर्‍याइनेछ।
- आधारभुत स्वास्थ्य सेवाको खम्बाको रुपमा परिचालित महिला स्वास्थ्य स्वयमसेवीकलाई मासिक बैठक भत्ता विरतण कार्यलाई निरन्तरता दिईनेछ।
- क्षयरोग तथा कुष्ठरोग लाई न्यूनिकरण गर्नलाई बिशेष कार्यक्रम गरिनेछ।
- बिपन्न नागरिक उपचार राहतकोषको स्थापना गरिनेछ।
- शववाहनको ब्यवस्थापनका लागी पहल गरिनेछ।
- आमा सुरक्षा कार्यक्रम अन्तर्गत प्रत्येक स्वास्थ्य चौकीहरुमा अक्षय कोषको स्थापना कार्यलाई निरन्तरता दिईनेछ।
- सामाजिक कुप्रथा बिरुद्ध धामी ,झाक्री ,जैशी, पुरोहित लगायतको सम्मेलन गरि चेतना अभिवृद्धिका कार्यक्रम लागु गरिनेछ।
- गाउँपालिका भित्रका खोपकेन्द्र नभएका बिकट बस्तिहरुमा स्थापना भएका खोपकेन्द्रलाई निरन्तरता दिईनेछ।
- यस गाउँपालिकाको वडा नं ७ र ८ लाई बिशेष क्षेत्र घोषणा गरि सो क्षेत्रका गर्भवति महिलाहरुको स्वास्थ्य चेक जाँचका लागी अल्ट्रा साउण्ड मेशिन खरिद भई सकेकाले दक्ष जनशक्ति उत्पादन गरि गाउँ गाँउमा घुम्ति शिविर सञ्चालन गरिनेछ।
- वडा नं ८ को आधारभूत स्वास्थ्य सेवा केन्द्र टोप्लामा यसै आर्थिक बर्ष देखि बर्थिङ्ग सेन्टर स्थापना गरि सञ्चालनमा ल्याईनेछ।
- स्वास्थ्य स्वयम सेविकालाई वार्षिक एक हजार सञ्चार शुल्क वापत उपलब्ध गराईनेछ।
- वडा नं ७ को बर्थिङ्ग सेन्टर लामा बगरमा वईटिङ्ग रुममा बस्ने सुत्केरी तथा कुरुवालाई खानाको व्यवस्था गरिनेछ
- पोषण सुरक्षा केन्द्रको सेवा प्रभाकारी देखिएकाले यस बर्ष पनि सो कार्यलाई निरन्तरता दिईनेछ।

**६ खानेपानी तथा सरसफाई सम्बन्धी नीतिहरु**

- गाँउपालिका भित्रका जनतालाई स्वच्छ खानेपानीको प्रबन्ध मिलाउनका लागी आवश्यक पहल गरिनेछ।
- गाँउपालिका भित्रका गाँउबस्तीहरुमा एक घर एक धारा कार्यक्रम लागु गरी बृहत धौलिगाढ खानेपानी आयोजना सम्पन्न गर्नलाई आवश्यक पहल गरिनेछ ।
- खानेपानीको सेवा नपुगेका गाँउबस्तीहरुमा खानेपानी सेवा पुर्‍याइने तथा सुरक्षीत खानेपानीका लागी बिशेष जोड दिइनेछ।
- शौचालय नभएका घर परिवारहरुलाई शौचालय बनाउन लगाउने तथा शौचालय नबनाउने घर परिवारलाई गाँउपालिकाको सेवा सुविधाबाट बन्चित गरिने सम्मको निती लिईनेछ।

- खानेपानी तथा शौचालय नभएका सामुदायिक बिधालयहरुमा शौचालयको ब्यवस्था का साथै खानेपानी सरसफाई तथा स्वच्छता प्रबर्द्धन सुविधालाई तारे पद्धतीमा लैजान जोड दिइनेछ।
- गाँउपालिका भित्रका सम्पुर्ण खानेपानीका मुहानहरुको खानेपानी परिक्षण गरि संरक्षणमा जोड दिईनेछ ।
- खानेपानी तथा सरसफाई हेर्नलाई गाँउपालिकामा छुट्टै युनिटको व्यवस्था गरी सम्पर्क ब्यक्ती समेत तोकिनेछ।
- खानेपानी तथा सरसफाई क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थालाई एकद्धार प्रणालीबाट काम गर्ने ब्यवस्था मिलाईनेछ।
- पुर्ण सरसफाई युक्त पालिका घोषणामा जोड दिईनेछ।
- सरसफाई सम्बन्धी जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ,पर्चा पम्पलेट तथा होर्डिङ बोर्ड बनाइ सार्बजनिक स्थलमा राखिनेछ।

## ७ उर्जा सम्बन्धी नितीहरु

- गाँउपालिका भित्रका सम्पुर्ण खोला नालाहरुमा बिधुत निकाल्नका लागी सम्भाव्यता अध्ययन गरिनेछ।
- गाँउपालिका भित्र सञ्चालनमा रहेका बिधुत गृहहरुको क्षमता बृद्धी गरी थप गाँउबस्तीहरुमा बिधुत सेवा बिस्तार गरिनेछ।
- गाँउपालिका भित्र लामो समय देखि निर्माणाधिन बिधुत आयोजनाहरुको पुन सम्भाव्यता अध्ययन गरी औचित्यताको आधारमा मात्र बजेट बिनियोजन गरिनेछ।
- गाँउपालिकाको राष्ट्रिय बिधुत प्रसारण लाईन नपुगेका गाउँ बस्तिहरुमा राष्ट्रिय प्रसारण लाईन जोडनका लागी आवश्यक पहल गरिनेछ।
- बिधुत नपुगेका गाँउबस्ती तथा घरहरुमा बैकल्पीक उर्जाको ब्यवस्थाका लागि पहल गरिनेछ।
- प्रत्येक घर तथा गाँउबस्तीहरुमा धुँवा रहित चुलोको ब्यवस्थाका लागि पहल गरिनेछ।
- बिधुतिय चुलो तथा बिधुतिय सामान वितरणमा आवश्यक पहल गरिनेछ।
- यस गाउँपालिका को वडा नं ७ र ८ को बलाङ्गगाड खोलामा बिधुत उत्पादनका लागि आवश्यक पहल गरिनेछ।

## ८ सामाजिक ,सास्कृतिक तथा पर्यटन सम्बन्धी नीतिहरु

- यस गाउँपालिकाको प्रसिद्ध तातोपानी धाराको उचित संरक्षण ब्यवस्थापन तथा सञ्चालन गरि थप ब्यवस्थित गरिनेछ
- यस गाँउपालिकाको बिभिन्न गाँउबस्तीमा रहेका सामाजिक ,सस्कृति रिती रिवाज चालचलन जुन खस सभ्यता झल्किने खालका थिए तर हालका पिडीहरुबाट त्यस्ता सामाजिक ,सस्कृति रिती रिवाज चालचलन अवलम्वन गर्न नसक्दा लोप हुने अवस्था रहेकाले सस्कृती संरक्षणमा जोड दिईनेछ।
- खस सभ्यताका रुपमा रहेका मागल ,झोडा ,चुट्किला ,भैलो ,बालोनाच ,धामी नाच , पञ्चेबाजा र छैटी लगायतका संस्कृतीहरुको उचित संरक्षण कार्यलाई निरन्तरता दिईनेछ।
- लोपउन्मुख कला संस्कृती जगेर्ना गर्नलाई प्रत्येक बर्ष सास्कृतिक महोत्सवको आयोजना गरिनेछ।
- पुराना तथा जिर्ण भएका पुरातात्विक खम्बा ,गुम्बा ,पाटी पौवा ,मन्दिर ,थान तथा धार्मिक स्थलहरुको संरक्षण एंव पुन निर्माण गर्न बजेट ब्यवस्था गरिनेछ।

अध्यक्ष

- यस पालिकामा रहेका सुन्दरगाउँ ,बाबिरा मष्ट, नदैडाव, पानसय पाटन ,लछालकृति पैकेला दरवार , बिभिन्न मठ मन्दिर लगायतका धार्मिक र सास्कृतिक महत्वका स्थानको संरक्षण एंव पुर्वाधार बिकास गरिनेछ ।
- धार्मिक तथा सास्कृतिक महत्वका स्थानहरुको निर्माण का लागी स्थानिय स्तरमा उपलब्ध सामाग्रीको मात्र प्रयोग गर्नलाई प्रोत्साहन गरिनेछ ।
- स्थानीय रैथाने खाद्य बाली लाई प्रबर्द्धन गर्न होटल हरुमा स्थानीय खाद्य परिकार राख्न होटेल व्यवसायीहरुलाई प्रोत्साहीत गरिनेछ ।
- यस गाउँपालिकामा रहेको गिडिदहमा जानलाई पर्यटकिय पदमार्ग यसै आर्थिक बर्षमा निर्माण गरिनेछ ।
- गाउँपालकि स्तरमा शहिद प्रतिष्ठान बनाईनेछ ।
- गिडिदह ,भण्डारखाल वन तथा पानसय पाटनको उचित संरक्षण तथा प्रवर्द्धनका कार्यक्रम लागु गरिनेछ ।

**९ उधोग सम्बन्धी नीतिहरु**

- यस तातोपानी गाँउपालिका क्षेत्रमा न्युन संख्यामा रहेका उधोग तथा रोजगारीका अन्य अवसरहरुलाई व्यापक खोजी गरी सम्भावना रहेका काष्ठ उधोग,पशुपालन उधोग,पर्यटन उधोग, जडीबुटी उधोग, राडी पाखी उधोग लगायत अन्य घरेलु तथा साना उधोगहरुको प्रोत्साहन तथा विकास गरिने निती अवलम्बन गरिनेछ ।
- तातोपानी गाउपालिका वडा नं ४ गिडिखोलाको रातेखोलामा स्थापना भएको ओधोगिक ग्राम निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- बिभिन्न गाँउबस्तीमा रहेका लघु उधमीहरुको पहिचान गरी नँया लघु उधमीहरु निर्माण गर्न बिभिन्न किसिमका व्यवसायिक तालिम दिइनेछ ।
- व्यवसायिक रुपमा उधोग गर्न चाहने उधमीलाई निर्व्याजी कर्जा तथा सहुलियत कर्जा उपलब्ध गराउनलाई पहल गरिनेछ ।
- यस क्षेत्रमा सम्भावनाको रुपमा रहेको स्याउ प्रशोधन उधोग , निगालाको सामाग्री उत्पादन उधोग स्थापनामा पहल गरिनेछ।
- पालिका भित्रका उधोगीहरुको प्रोत्साहनका लागि प्रत्येक बर्ष औधोगिक प्रद्धशनी तथा औधोगिक मेला जस्ता कार्यक्रम लागु गरिनेछ ।

**१० सूचना तथा सञ्चार प्रविधी सम्बन्धी नीति**

- सूचना र सञ्चार प्रविधिविना समृद्ध समाजको परिकल्पना गर्न सकिदैन । भरपर्दो सञ्चार व्यवस्था हुन नसक्दा यँहाका जनता समय समयमा सञ्चार बिहिन हुनुपरेको अवस्था बिदितै छ सो समस्या समाधानका लागी सरोकारवालाहरु सँग छलफल तथा अन्तरकृया गरि समस्या समाधानका लागी आवश्यक पहल गरिनेछ ।
- यस गाँउपालिकाको थलालेमा रहेको टेलिफोनको रिपिटर टावर लगायत अन्य टेलिफोन रिपिटर टावरहरुको स्तरबृद्धि गरी 4G सहितको टेलिफोन सेवा बिस्तार निरन्तरताका लागी पहल गरिनेछ ।
- गाँउपालिकाका सबै वडाहरुमा इन्टरनेट बिस्तार कार्यलाई थप प्रभावकारी गरि निरन्तरता दिईनेछ ।
- गाँउपालिका भित्रका सरकारी कार्यालयहरुमा बिधुतिय शासन प्रणालीमा आवद्धता गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।
- सूचना ,तथ्याङ्क तथा अभिलेख ब्यवस्थापनलाई उच्च प्राथमिकता दिईनेछ

- सूचनाको हक सम्बन्धि ऐनलाई पूर्णरुपमा लागू गरिनेछ ।
- आधुनिक सूचना तथा सञ्चार प्रविधिमा आमजनताको पँहुच स्थापित गरिनेछ ।
- गाँउपालिकाको सकरात्मक गतिविधी प्रसारण गर्नको लागी रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्न दिईनेछ ।
- फाईबर ईन्टरनेट नपुगेका वडाहरुमा ईन्टरनेट जोडनलाई पहल गरिनेछ ।
- गाउँपालिकाको आफ्नै सञ्चार नीति तयार गरि सञ्चार क्षेत्रहरुको बर्गिकरण गरिनेछ ।

## ११ वातावरण सम्बन्धी नीति

- वातावरणिय स्वच्छता सम्बन्धि चेतना बढाई वातावरणमा पर्न सक्ने जोखिमलाइ न्यूनिकरण गर्दै वन ,वन्यजन्तु,पशुपंक्षी,वनस्पति तथा जैविक विविधताको संरक्षण गर्ने नीती अवलम्वन गरिनेछ ।
- नदी नियन्त्रण, पहिरो नियन्त्रण ,जलाधार संरक्षण ,वन फडानी नियन्त्रण ,आगलागी नियन्त्रण ,बन्यजन्तु चोरी निकासी र वन पैदावर नियन्त्रण कार्यक्रम लागु गरिनेछ ।
- बृक्षारोपण कार्यक्रम अन्तर्गत वार्षिक रुपमा एक घरबाट न्यूनतम ५० बिरुवा रोप्ने रोपाउने कार्यक्रम गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन ,जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका बिषयलाई महत्वका साथ सम्बोधन गरिनेछ ।
- गाँउपालिका केन्द्र र वडा केन्द्रहरुमा फोहोरमैला व्यवस्थापनका लागी डम्पिङ्ग साइडको स्थापना गर्दै लगिनेछ ।
- गाँउपालिका क्षेत्रका सामुदायिक वनका पदाधिकारीहरुलाई वन जङ्गल संरक्षणका लागी क्षमता अभिबृद्धी तालिम तथा जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाईराँका देखि देउलाडाँडा सम्म का नाङ्गा डाँडापाखामा ढटेलो,ओखर ,आरु ,सल्लोको बिरुवाहरुको बृक्षारोपण कार्यक्रम लाई निरन्तरता दिईनेछ ।
- यस गाउँपालिकाका विभिन्न स्थानमा बिगतमा नाप नक्शा भै वन कार्यालय बाट रोक्का भै जग्गा धनि प्रमाण पुर्जा प्राप्त नगरेका जग्गाहरुको सम्बन्धमा सरोकारवाला सँग छलफल गरि जग्गा फुकुवा गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।

## १२ जलवायु परिवर्तन सम्बन्धि नीति

- जलवायु परिवर्तनले विश्वलाई नै चुनौती दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ ।
- गाँउपालिका क्षेत्रभित्र विधमान र आउन सक्ने प्रकोप तथा विपदहरुलाई समेत ध्यानमा राखी जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गरि अगाडी बढने नीति अख्तियार गरिनेछ ।
- जलवायु अनुकुलनका खेती बाली लगाउनलाई प्रोत्साहन गरिनेछ ।

## १३ सामाजिक समावेशिकरण सम्बन्धि नीति

**"महिला अधि बढाउनुछ अनि बालबालिका,जिल्लाकै नमूना बनाउ हाम्रो गाउँपालिका"**

- महिलाविरुद्धका सबै किसिमका हिंसा र विभेद प्रभावकारी ढंगले अन्त्य गरिनेछ ।
- बालविवाह ,बहुविवाहलाई पूर्ण रुपमा निषेध गरिनेछ ।
- महिलालाई रोजगारीमा बिशेष प्राथमिकता दिइनेछ ।
- गाँउ समाजबाट जातीय भेदभाव तथा छुवाछुत पुर्ण रुपमा अन्त्य गरिनेछ ।

- संविधानद्धारा प्रदत दलित समुदायको हकहरुको प्रभाबकारी कार्यान्वयन गरिनेछ ।
- समाजमा दलित समुदायको न्याय र समानता स्थापना गरिनेछ ।
- जातीय भेदभाब ,उचनिच तथा छुवाछुत प्रथा लागु गर्ने अपराधीलाई कानुनी कारवाहीको व्यवस्थालाई प्रभावकारी रुपमा गरिनेछ।
- युवाहरुलाई स्वयंसेवामा उत्प्रेरित गरी गाँउपालिका निर्माणमा परिचालन गरिनेछ ।
- शिक्षित र दक्ष युवालाई गाँउपालिका भित्रै उच्च पारिश्रमिकमा आधारित रोजगारी सृजना गरिनेछ ।
- फरक क्षमता एंव अपाङ्गता प्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन गरिनेछ ।शिक्षा सिप बिकास र रोजगारी उनीहरुको बिशेष क्षमतालाई उजागर गर्न बिशेष कार्यक्रम सञ्चालन गरिनेछ ।अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याईनेछ ।
- यस गाँउपालिका भित्र निर्माण हुने सरकारी भवन ,बिधालय तथा पूर्वाधारहरु अपाङ्गमैत्री रुपमा निर्माण गरिनेछ ।
- समान कामका लागी समान ज्याला दिईनेछ । समान कामका लागी महिला र पुरुषमा बिभेद गरिने छैन।
- बालश्रम मुक्त गाँउपालिका घोषणा लागी सबै किसिमका बालश्रम अन्त्य गरिनेछ ।
- दलित एंव एकल महिलाहरुको जिवनस्तर उकास्नका लागि विभिन्न किशिमका सिपमूलक तालिम सञ्चालन गरि प्रविधि हस्तान्तरणका लागि अनुदानको ब्यवस्था गरिनेछ ।
- विभिन्न खाले उत्पिडन तथा हिंसामा परेका महिला तथा बाल बालिकाको संरक्षणका लागी बाल संरक्षण कोष तथा लैङ्गिक हिंसा संरक्षण कोषको स्थापना गरिनेछ ।
- यस गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।
- यस गाउँपालिकामा समाजसेवी तथा बाल मनोविज्ञ सुचिकरण तथा नियुक्ति गरिनेछ ।
- बालमैत्री स्थानिय शासन स्थापनाका लागी बालमैत्री गाँउपालिका घोषणाका आधारहरु तयार गरिनेछ।
- अपाङ्ग परिचय पत्र तथा जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।
- अन्तर जातिय विवाह गर्ने जोडीलाई प्रोत्साहन स्वरुप प्रति जोडी रु २० हजार प्रोत्साहन भत्ता दिईनेछ ।

## १४ सामाजिक सुरक्षा सम्बन्धी नीति


- गाँउपालिका क्षेत्रभित्रका रहेका महिला , दलित, आदीबासी जनजाती, पिछडा वर्ग ,अल्पसंख्यक ,सिमान्तकृत ,अपाङ्गता भएका ,लैंगिक तथा यौनिक अल्पसंख्यक ,किसान ,श्रमिक ,उत्पिडित ,आर्थिक रुपले बिपन्न ,लोपउन्मुख लगायत लक्षित वर्गका लागी सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु लाई निरन्तरता दिईनेछ ।
- गाँउपालिका भित्रका आधारभूत र माध्यामिक विधालयहरुमा किशोरी स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिनेछ ।
- सामाजिक सुरक्षा बापतको रकम बैंक मार्फत समयमा नै सहज रुपमा प्राप्त गर्ने व्यवस्था मिलाईनेछ ।
- सामाजिक सुरक्षा भत्ता रकम बितरणलाई थप ब्यवस्थित गर्नका लागी थप बैंक तथा वित्तिय सस्थाको शाखा स्थापना का लागी पहल गरिनेछ ।
- पञ्जीकरणको कार्यलाई थप व्यवस्थित गरिनेछ । लक्षित वर्गका कार्यक्रमलाई निरन्तरता दिईनेछ । जसमा महिलाहरुको लागी विभिन्न सीपमूलक र जनचेतनामूलक कार्यक्रम ,दलितहरुका लागी कार्यक्रम ,जनजातीहरुको

लागी कार्यक्रम ,जेष्ठ नागरिकहरुको आधारभूत हक ,अधिकारको संरक्षण एंव सम्मानजनक र सन्तुष्टिपूर्ण जीवनयापनको लागी जेष्ठ नागरिकको उच्च सम्मान सहित कार्यक्रम सञ्चालन गरिनेछ ।

- अपाङ्गता भएका व्यक्तिहरुले सामाजिक सुरक्षा भत्तावापतको रकम पाए नपाएको एकिन गरि नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ ।
- गाँउपालिका भित्र स्थायी बसोबास गर्ने ७० वर्ष माथीका जेष्ठ नागरिकहरुको तथ्याङ्क संकलन गरी उनीहरुलाई सम्मान स्वरुप गाँउपालिका बाट थप प्रोत्साहन तथा सम्मान गरिन व्यवस्था मिलाईने कार्यलाई निरन्तरता दिईनेछ ।
- सामाजिक सुरक्षा भत्ता सहजरुपमा उपलब्ध गराउन वडा नं ७ र ८ का बृद्ध नागरिकका लागि सम्बन्धित स्थानमा भत्ता वितरण कार्यलाई निरन्तरता दिईनेछ ।
- लागु औषध सम्बन्धि जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- लागु औषध दुर्व्यसनीमा परेका ब्यक्तिहरुका लागि सुधारकेन्द्रमा राख्ने ब्यवस्था मिलाईने कार्यलाई निरन्तरता दिईनेछ ।
- सडक आर्षित बाल बालिका तथा सडक आर्षित मानवलाई मानव सेवा आश्रममा राख्ने कार्यलाई निरन्तरता दिईनेछ
- ५० वर्ष देखि ६० वर्ष सम्मका एकल पुरुषलाई वार्षिक रु ४ हजार एकल पुरुष भत्ता उपलब्ध गराईनेछ ।
- दलित उत्थान कार्यका लागी क्षमता विकास तथा प्रविधी हस्तान्तरण कार्य गरिनेछ ।

## १५ सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीति

- गाँउपालिकाबाट सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीहरुलाई कुनै प्रकारको बिभेद नगरी उच्च प्राथमिकता दिई सेवा प्रवाह गरिनेछ ।
- गाँउपालिकाले आफै र आफ्नो मातहतका कार्यालयहरुबाट प्रवाह गर्ने सेवाको प्रभावकारिता ,गुणस्तरियता ,गुनासो व्यवस्थापन ,सार्वजनिक सुनुवाई ,सामाजिक परिक्षण ,नागरिक बडापत्र ,सूचनाको हकको प्रत्याभुती ,पारदर्शिता ,जवाफदेहिता ,भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिबृद्धी गर्ने खालका कार्यहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।
- सार्वजनिक सेवा प्रवाह गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सृजना गरिनेछ ।साथै कर्मचारीहरु सँधै कार्यक्षेत्रमा बसी जनताको सेवाभाव जागृत गराउने र गाँउपालिकाका निर्णयहरुलाई कार्यान्वयनमा ल्याउनका लागी तत्पर हुने अवस्थाको सृजना हुने वातावरण मिलाईनेछ ।
- गाँउपालिकाबाट प्रदान गर्ने सेवाहरु प्रविधी मैत्री रुपमा प्रदान गर्ने व्यवस्था गरिनेछ ।
- गाँउपालिकाको भौगोलिक क्षेत्रको बिकटता समेतलाई मध्यनजर गर्दै काम गर्नु पर्ने बाध्यता भएकाले अगामी दिनमा कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- उचित र बस्तुनिष्ठ मूल्याङ्कनको आधारमा कार्यको प्रकृति हेरी कर्मचारीहरुलाई क्षमता बिकास तालिम ,पुरस्कार तथा दण्ड सजायको समेत व्यवस्था मिलाईनेछ ।
- यस गाउँपालिकाको वडा नं ७ र ८ मा गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा प्रवाह गर्न घुम्ति सेवा सञ्चालन गरिनेछ ।





## १६ समन्वय तथा सहकार्य सम्बन्धि नीति

- सबै समस्याहरुको समाधान एकैपटक सम्भव छैन र हुन सक्दैन। यसका लागी संघिय सरकार ,प्रदेश सरकार , अन्य स्थानिय तहहरु ,निजी क्षेत्र ,गैर सरकारी संघ संस्थाहरु ,दातृ निकायहरु ,नागरिक समाज ,प्रबुद्ध वर्गहरु तथा विकास साझेदारहरु सँग सम्वाद ,सहकार्य र जनसहभागिताको नीति अबलम्वन गरिनेछ। विकासको सुरुवात म बाटै नामक बिशेष कार्यक्रम सुरुवात गरिनेछ।
- गाँउपालिका सँग सिमाना जोडिएका छिमेकी पालिकाहरु बिचमा साझा विकासका योजनाहरु छनौट गरी सयुक्त साझेदारीमा निर्माण गर्ने नीति लिईनेछ।
- संघिय सरकार , प्रदेश सरकार तथा स्थानिय सरकारको सयुक्त लगानीमा निर्माण गर्न सकिने योजना छनौट गरी निर्माण गर्ने नीति लिइनेछ।
- सयुक्त लगानीमा निर्माण गरिने योजनाहरुलाइ पहिलो प्राथमिकता दिइने नीति लिइनेछ।

## १७ स्थानिय न्याय व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

**तातोपानी गाउँपालिकाको सोच ,सर्वसाधारणको न्यायमा पँहुच**

- गाँउ समाजमा अनावश्यक रुपमा हुने विवाद र मुद्धा मामिलाहरुलाई प्रारम्भिक चरणमै स्थायी समाधान गर्न मेलमिलाप र मध्यस्थता साथै गाँउपालिकाको न्यायिक समितीको क्षमता अभिबृद्धी गरिनेछ।
- पिछडिएको वर्ग र क्षेत्रका ब्यक्तिहरुको न्यायमा सहज पहुँच सुनिश्चित गर्न कानूनी शिक्षा र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- कानून विज्ञहरुबाट न्यायिक समिती ,जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता अभिबृद्धी तालिमको व्यवस्था गरिनेछ।
- प्रत्येक वडाहरुमा गठन भएका मेलमिलाप केन्द्रका मेलमिलाप सहजकर्ता हरुको क्षमता अभिवृद्धी गरी न्यायिक समितीको काम कारबाहीमा सहजता ल्याइनेछ।
- न्यायिक समितिको काम कारबाही सहज गराउन न्याय सेवाको दरवन्दी सृजना गर्ने वा कानूनी सल्लाहकार नियुक्त गरी न्याय सम्पादन गरिनेछ।

## १८ सुशासन सम्बन्धी नीति

- जनतालाइ पायक पर्ने स्थानमा एकिकृत सेवा केन्द्र स्थापना गरी गाँउपालिकाबाट जनताले प्राप्त गर्ने सम्पुर्ण सेवा प्रदान गरिनेछ।
- जनताप्रति उत्तरदायी तथा लोक कल्याणकारी गाँउपालिका निर्माणको आधार बलियो बनाउँदै लगिनेछ।
- तिब्र सामाजिक आर्थिक विकासद्धारा जनतामा राजनीतिक परिवर्तनको लाभ पुऱ्याउन गाउपालिकाको मुख्य जिम्मेवारी बनाइनेछ।
- सामाजिक जीवनका सबै क्षेत्रमा लोकतान्त्रिक प्रणालीको प्रवर्द्धन गरिनेछ। विधीको शासन सुदृढ तुल्याइनेछ।
- संविधानप्रदत मौलिक हक र स्वतन्त्रताको पूर्ण उपयोगको प्रत्यभुती गरिनेछ।
- सुचना प्रविधिको उच्चतम प्रयोग गरी ब्यवस्थालाई कुसल पारदर्शि र सेवाग्राही मैत्री तुल्याइनेछ।
- डिजिटल नागरिक वडा पत्रलाई थप प्रभावकारी बनाई प्रयोगमा ल्याईनेछ।
- भ्रष्टाचार रहित पालिका बनाउने तथा भ्रष्टाचारमा सुन्य सहनशिलता कायम गरिनेछ।

अध्यक्ष

- सबै किसिमका खर्च रकमहरु समय समय मा सार्वजनिक गरिनेछ ।
- गाँउपालिकाको काम कारबाही र सेवा प्रवाह लगायतका बिषयमा प्रत्येक वडाहरुमा सार्वजनिक सुनुवाई एंव सामाजिक लेखा परिक्षण गरिनेछ ।

- गाँउपालिकाले बिभिन्न किशिमका नागरिक एप्स हरु प्रयोगमा ल्याई सेवा प्रवाह लाई चुस्त दुरुस्त बनाईनेछ ।
- अथिति सत्कारका लागी प्रयोगहुने खाद गाउँपालिकाका कुनै पनि कार्यक्रममा प्रयोग नहुने तथा गाउँपालिकाका पदाधिकारी सहभागी कार्यक्रममा खाद ग्रहण नगर्ने नितिलाई यस वर्ष पनि निरन्तरता दिईनेछ ।
- गाउँपालिकाले आयोजना गर्ने कार्यक्रम तोकिएको समयमा शुरु गर्ने तथा गाउँपालिकाका पदाधिकारी सहभागी कार्यक्रममा पनि तोकिएकै समयमा उपस्थित हुने नितिलाई यस वर्ष पनि निरन्तरता दिईनेछ ।
- गाउँपालिकाको नाममा कायम बेरुजु रकम फर्छयौट तथा असुल उपरका लागी समिति बनाई बेरुजु रकम कम गर्नलाई बिशेष जोड दिईनेछ ।
- पालिकाका नागरिकलाई स्वस्थ खाध्य बस्तु उपयोग गर्ने वातावरण श्रृजना गर्नलाई पालिका भित्रका बजारहरुको अनुगमन कार्यलाई थप प्रभावकारी गरि कडाईका साथ लागु गरिनेछ ।

## १९ जनप्रतिनिधी तथा कर्मचारीको क्षमता विकास सम्बन्धी निती

- कर्मचारीको कार्य सम्पादनमा आमूल परिवर्तन गर्न समिति गठन गरी सुशासन कायम गरिनेछ ।
- कर्मचारीको कार्यक्षमता वृद्धी गर्न आवश्यकतामा आधारित तालिम प्रदान गर्ने ,प्रविधी मैत्री बनाउने तथा असललाई पुरस्कार र खराब लाई दण्ड दिने नीति लिइनेछ।
- गाँउपालिकामा आवश्यकता अनुसार कर्मचारीहरु पदपूर्ति गर्दै लगिनेछ ।
- अन्य स्थानिय तहका राम्रा अभ्यासहरुलाई यस गाँउपालिकामा भित्राउन जनप्रतिनिधी तथा कर्मचारीहरुलाई अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।
- जनप्रतिनिधी तथा कर्मचारीको क्षमता अभिबृद्धि गर्न बिभिन्न किसिमका तालिम तथा गोष्ठीको आयोजना गरिनेछ ।
- जनप्रतिनिधी तथा कर्मचारीको क्षमता अभिबृद्धि गर्न क्षमता बिकास कार्य योजना अनुसारका तालिमहरु सञ्चालन गरिनेछ ।
- बिभिन्न खाले सकरात्मक सोच सम्बन्धि तालिमहरुको ब्यवस्था गरिनेछ ।

## २० खाध्य सुरक्षा तथा पोषण सम्बन्धी नीती

- पालिका भित्रका जनतालाई भोकमरी तथा प्रकोप बाट सृजना हुने भोकमरी तथा अनिकालबाट बचाउन खाद्य सुरक्षा कार्यविधी बनाई लागु गरिनेछ ।
- भोकमरी तथा अनिकालबाट बच्न खाद्य भण्डार केन्द्रको स्थापना गरिनेछ ।
- खाद्य सुरक्षा समिती गठन गरिनेछ ।
- प्रचुरमात्रामा खाध्यन्न उत्पादन हुने क्षेत्रहरुको पहिचान गरी उत्पादनमा बिशेष जोड दिइनेछ ।
- सुद्ध सफा र बिषादी रहित खाध्यान्न उत्पादन तथा बिक्री बितरण गराउने तर्फ बिशेष जोड दिइनेछ ।
- पोषणयुक्त खानेकुरा उत्पादन तथा बिक्री बितरण गराउने तर्फ बिशेष जोड दिइनेछ ।
- गाउपालिका भित्रका कुनै पनि बालबालिकाहरु कुपोषणको शिकार हुनु पर्ने छैन ।

- किशोरीहरुका लागी रक्तअल्पता कम गर्न र कुपोषणबाट बच्न प्रत्येक वडा तथा प्रत्येक स्वास्थ्य चौकीहरुमा पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।
- बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिदै आगामी वर्ष भित्र कुपोषणमुक्त गाँउपालिका बनाउनका लागी गरिएको प्रतिवद्धता बमोजिम काम गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।
- बिधालयस्तरमा पोषण शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- कुपोषणमा परेका बालबालिकाहरुको पहिचान गरि बिशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- पोषण सेवालाई प्रभावकारी बनाउन स्थानिय खाद्य पदार्थलाई प्राथमिकता दिनको लागी जनचेतनामूलक कार्यक्रम आमा समूहमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- गाँउपालिकाका वडा तथा बिषयगत शाखाहरुले पनि अनिवार्यरुपमा पोषण लक्षित कार्यक्रमहरु समावेश गराइ कार्यक्रम बनाउनु पर्ने निती लिइनेछ
- महिला तथा बाल बालिका लक्षित कार्यक्रम जस्तै **खाता छोरीको लगानी जिवन भरिको** , बालपोषण अनुदान , मर्यादीत महिनावारी , **म सानै छु बढनदेउ बालबिवाह होइन पढनदेउ अभियान** , खोप कार्यक्रम,बालमैत्रि स्थानिय शासन आदीमा समेत बहुक्षेत्रिय पोषण योजना लाई समावेश गर्दै लगिनेछ ।

## २१ श्रम तथा रोजगार सम्बन्धी नीति

- गाँउपालिका भित्रका सबै बेरोजगार व्यक्तिहरुको विवरण संकलन गरी व्यवस्थित रुपमा सुचिकृत गरिनेछ ।
- रोजगार बैंकको स्थापना गरिनेछ ।
- सूचिकृत बरोजगारहरुलाई सम्पुर्ण भौतिक पूर्वाधार निर्माणका आयोजनामा श्रमिकका रुपमा परिचालन गरिनेछ ।
- रोजगारी गुमाएर बिदेश बाट घर फर्किएका तथा स्वदेश मै रोजगारी गुमाएका सबै नागरिकहरुलाई रोजगार सुनिश्चित गर्न बिशेष पहल गरिनेछ ।
- सूचिकृत बेरोजगारहरुको ज्याला अनिवार्य रुपमा बैंक खाता मार्फत भुक्तानीको व्यवस्था मिलाईनेछ ।
- बेरोजगार व्यक्तिहरुलाई रोजगार प्रदान गर्न निजीक्षेत्र ,सरकारी र गैरसरकारी क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।
- गाँउपालिकाबाट ठेक्का प्रक्रियामार्फत सञ्चालन हुने आयोजनाहरुमा पनि स्थानिय बेरोजगार ब्यक्तिहरुलाई काममा लगाउने व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा संचालित सम्पूर्ण योजनाहरुको ज्याला रकम बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाइने छ ।
- गाउँपालिकाले प्रत्येक महिनाको दोश्रो शनिबार श्रमदान दिन घोषणा गरेको र सोही अनुसार श्रमदान कार्य प्रभावकारी रुपमा भै रहेको छ यसमा बढी भन्दा बढी जन सहभागिता बढाई थप प्रभावकारी तथा श्रम सामाग्री ब्यवस्थापनका लागी बजेट ब्यवस्थापन कार्य प्रभावकारी देखिएकाले यस आवमा समेत सो कार्यलाई निरन्तरता दिईनेछ ।
- यस गाउँपालिकामा रहेका अति गरिबहरुको बास्तविक छानविन गरि परिचय पत्र वितरण गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सञ्चालित योजनाहरु थप प्रभावकारी बनाउन प्रत्येक वडाहरुले सामाग्री खरिदका लागी लागत साझेदारी प्रभावकारी देखिएकाले यस आर्थिक वर्ष सो कार्यलाई निरन्तरता दिईनेछ ।
- यस गाउँपालिका भित्रका शहिद घाईते बेपत्ता परिवारलाई बेरोजगार को सुचिमा पहिलो प्राथमिकता दिई सुचिकृत गरिनेछ

अध्यक्ष

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

## २२ विपद व्यवस्थापन सम्बन्धि निति

- गाउँपालिकामा संचालित आपतकालिन सञ्चालन केन्द्रलाई थप ब्यवस्थित र सुविधा सम्पन्न बनाईने छ ।
- विपदबाट पिडित नागरिकलाई तत्काल राहत प्रदानका लागी सञ्चालनमा रहेको बिपद ब्यवस्थापन कोष मा थप रकम बिनियोजन गरि ब्यवस्थित तथा मर्यादित बनाउदै लगिनेछ ।
- यस गाउँपालिकाका सबै वडाहरुमा विपद उद्धार सामाग्री को ब्यवस्थापन गरिनेछ ।
- क्षति ग्रस्त भै घर पुनः निर्माण हुन नसकेका नागरिकहरुको घर निर्माणमा आवश्यक पहल गरिनेछ ।
- बाढी पहिरोबाट क्षति ग्रस्त भौतिक संरचनाहरुको पुनः निर्माणमा जोड दिईनेछ ।
- नदि कटान तथा बाढी पहिरोबाट क्षति भएको खेतियोग्य जमिनको संरक्षण तथा रोकथाममा जोड दिईनेछ ।
- विपदको सम्भावित जोखिमलाई कम गर्न तथा थप राहतका लागी बिपन्न नागरिकको घर बिमा कार्यक्रम प्रभावकारी देखिएकाले यस आर्थिक वर्ष समेत सो कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाबाट निर्माण हुने ठुला तथा दिर्घकालिन योजनाहरुको योजना बिमा कार्यक्रम लागु गरिनेछ ।
- विपदजन्य घटना न्युनिकरणका लागी बिभिन्न खाले जन चेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपदबाट बच्न तथा विपद भई हालेमा राहत तथा उद्धार कार्यकालागी धेरै भन्दा धेरै नागरिकलाई तालिम दिईनेछ ।
- यस गाउँपालिकाको वडा नं ७ र ८ मा विपदजन्य घटनाहरु धेरै घटि प्रत्येक बर्ष धेरै धनजनको क्षेति हुने भएकाले सो क्षेत्रलाई बिशेषक्षेत्र घोषणा गरि सोही अनुसारको कार्यक्रम गरिनेछ ।

**गाँउसभाका सदस्यज्यूहरु**

यी नीति तथा कार्यक्रम प्रस्ताव गर्दा विकासलाई समावेशी र सामाजिक न्यायमा आधारित बनाई सुशासन कायम गर्ने र समृद्ध गाँउपालिका र सुखी गाँउबासीको दिर्घकालिन उद्धेश्य प्राप्त गर्ने अठोटलाई केन्द्रमा राखिएकोछ । जसबाट यस गाउपालिकालाई सक्षम गाउपालिकाको रुपमा विकास गर्न मार्ग प्रशस्त हुनेछ भन्ने मेरो बिश्वास छ ।

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमामा मार्गनिर्देशन गर्नुहुने तातोपानी गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरु र मातहतका कर्मचारीहरु, विभिन्न समयमा अग्रज व्यक्तिहरुले दिनु भएका सुझावहरुलाई पनि नीति तथा कार्यक्रम निर्माणका चरणमा स्मरण गरेको छु । निति तथा कार्यक्रम छलफलका क्रममा आआफ्नो तर्फबाट सुझाव दिनुहुने पदाधिकारीहरु-, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारीहरु, बुद्धिजिवी,विषयगत कार्यालयका कर्मचारीहरु, पत्रकार मित्रहरु, सुरक्षा निकायका कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधी, नागरिक समाज ,महिला बालबालिका ,जेष्ठ नागरिक ,बुद्धिजिवी र यस गाउँपालिकामा रहनु भएका सबै आमा बुबा ,दिदी बहिनी, दाजु भाईहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

यस गाउँपालिकाको विकासमा सहयोग पुराउने आम नागरीक, करदाता, सबै विकास साझेदार संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै वजेटको सफल कार्यन्वयनमा सबैको खुल्ला सहयोगको अपेक्षा गरेको छु ।

विभिन्न समस्या र चुनौतिहरुका बाबजुत बस्तुगत यथार्थ धरातलमा उभिएर ति समस्या र चुनौतीहरुको सामना गर्न हामी सबै प्रतिवद्ध र एकताबद्ध भयर, तातोपानी गाउँपालिकाको उज्वल भविष्य निर्माणको लागि आशावादी छौ ।

**धन्यवाद ।**

नन्द प्रसाद चौलागाईं
अध्यक्ष
तातोपानी गाउँपालिका, जुम्ला